# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७८

सुनवर्षी नगरपालिका,

मोरङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)**


पत्र संख्याः २०७८/७९

च.नं. १४४

मितिः २०७८/५/४

श्री प्रमुखज्यू,
सुनवर्षी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np



"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वासनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

(प्रदेश नं १ र २ लेखापरीक्षण महानिर्देशनालय)


संख्याः २०७८/७९ मितिः२०७८।५।४
च.नः १४३

**श्री प्रमुखज्यू,**
**सुनवर्षी नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय,**
**मोरङ ।**

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले सनवर्षी नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूतरुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना एकचालिस(४१) यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. ६ करोड १९ लाख १९ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५८ लाख ५४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड १७ लाख ३० हजार, नियमित गर्नुपर्ने रु. २ करोड २३ लाख १४ हजार र पेश्की बाँकी रु. २ करोड २० लाख २१ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं ।त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत सुनवर्षी नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्ष

## सुनवर्षी नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९ वडा, ५० सभा सदस्य, १०६.४ वर्ग किलोमिटर क्षेत्रफल तथा ५० हजार ७५८ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष** - आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

नगरपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार नगरपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| प्रासी भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| २०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ सम्म | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्रासी (क+ख)** | | ८१४७५१३८६.२७ | ८०११३२६००.७३ | | ८०११३२६००.७३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ६४१९६९३३०.०० | ६३३६६४६९५.१३ | | ६३३६६४६९५.१३ |
| ११००० कर | ११ | १२१२१००००.०० | १००७४६०७०.६९ | | १००७४६०७०.६९ |
| १३००० अनुदान | | ३८३९५९३३०.०० | ३८३२१०९३०.०० | | ३८३२१०९३०.०० |
| संघीय सरकार | १२ | ३३९३४८३३०.०० | ३३८५९९९३०.०० | | ३३८५९९९३०.०० |
| प्रदेश सरकार | १२ | ४४६११०००.०० | ४४६११०००.०० | | ४४६११०००.०० |
| १४००० अन्य राजस्व | ११ | ९२०००००.०० | ५८५३४६५.८१ | | ५८५३४६५.८१ |
| १५००० विविध प्राप्ति | | २०००००.०० | ८३१३७०.०० | | ८३१३७०.०० |
| **ख. अन्य प्राप्ति** | | २५३३९४०६.२७ | २१३०२६३७.८१ | | २१३०२६३७.८१ |
| वितरण गर्न बाकी राजस्व | | | | | |
| कोषहरु | | २५३३९४०६.२७ | २१३०२६३७.८१ | | २१३०२६३७.८१ |
| धरौटी | | | २२५७२७३.२८ | | २२५७२७३.२८ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | १४७४४२६५०.०० | १४६१६५२६७.७९ | | १४६१६५२६७.७९ |
| **भुक्तानी (ग+घ)** | | ८१३४७१४५६.२७ | ६७१६५६४९०.२० | | ६७१६५६४९०.२० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६४०६८९४००.०० | ५०४१८८५८४.६० | | ५०४१८८५८४.६० |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६२०९१७००.०० | १४८७९७४४३.७४ | | १४८७९७४४३.७४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १११८०७३००.०० | ८६६०८७१९.५९ | | ८६६०८७१९.५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५००० सहायता (Subsidy) | १८ | १००१८०००.०० | ९४७६७००.०० | | ९४७६७००.०० |
| २६००० अनुदान | १८ | ७८०००००.०० | ५८४९०००.०० | | ५८४९०००.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५९७५०००.०० | ५९०१९९५.६६ | | ५९०१९९५.६६ |
| २८००० अन्य खर्च | १८ | १५४५०००.०० | ११०२६७९.०० | | ११०२६७९.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३४१४५२४००.०० | २४६४५२०४६.६१ | | २४६४५२०४६.६१ |
| **घ. अन्य भूक्तानी** | | १७२७८२०५६.२७ | १६९४१०५३४.५८ | | १६९४१०५३४.५८ |
| कोषहरु | | २५३३९४०६.२७ | २१३०२६३७.८१ | | २१३०२६३७.८१ |
| धरौटी | | | १९४२६२८.९८ | | १९४२६२८.९८ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | १६ | १४७४४२६५०.०० | १४६१६५२६७.७९ | | १४६१६५२६७.७९ |
| ङ. यो वर्षको बचत (न्युन) | | ८१४७५१३८६.२७ | १२९४७६११०.५३ | | १२९४७६११०.५३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १२७४०००००.०० | १४२६१६३३०.११ | | १४२६१६३३०.११ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ९४२१५१३८६.२७ | २७२०९२४४०.६४ | | २७२०९२४४०.६४ |
| बैंक तथा नगद बाकी | २४ | | ९२४८२७१७.७५ | | ९२४८२७१७.७५ |
| संचित कोषको मात्र वांकी | | | ९२१६८०७३.४५ | | |

| कार्यसञ्चालन कोष | | | | |
|---|---|---|---|---|
| आय तर्फ | | व्यय तर्फ | | |
| स्रोतको तह | प्राप्ति/हस्तान्तरित रकम | सि.नं. | स्रोतको तह | खर्च |
| प्रकोप व्यवस्थापन कोष | | | | |
| अल्या | १२४८२४० | १ | खर्च | १९६६६३०२.०४ |
| यस वर्षको आम्दानी | १९१४९६०३.०४ | २ | श्रेस्ता अनुसार मौज्दात | ७३१५४१ |
| मर्मत सम्भार कोष | | | | |
| अल्या | २६२२८६३ | १ | खर्च | १३३९५१४.४९ |
| आम्दानी | ०. | २ | श्रेस्ता अनुसार मौज्दात | १२८३३४८.७४ |
| | | | | |
| धरौटी कोष खाता | | | | |
| अल्या | १७१७४३९ | १ | खर्च | १५०५७८६ |
| आम्दानी | २२३२२७३.३ | | श्रेस्ता अनुसार मौज्दात | २४४३९२६.६९ |
| वातावरण विकास कोष खाता | | | | |
| अल्या | २००००० | १ | खर्च | 0 |
| आम्दानी | ०. | | श्रेस्ता अनुसार मौज्दात | २०००००. |
| कर्मचारी कल्याण कोष खाता | | | | |
| अल्या | १०००००० | १ | खर्च | 0 |
| आम्दानी | ४४३६५२.८४ | | बैंक मौज्दात | १४४३६५२.८४ |
| विविध कोष खाता | | | | |
| अल्या | २००००० | १ | खर्च | 0 |
| आम्दानी | ०. | | बैंक मौज्दात | २०००००. |
| कुल जम्मा | २८८१४०७१.८ | | | २८८१४०७१.८ |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | बेरुजु रकम |
|---|---|---|
| | **असुलीको स्थितिः** लेखापरीक्षणका क्रममा रु. २७,७२५/- प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु. ५,६१६/- गरी जम्मा रु. ३३३४१/- असुल भएको छ । | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• चालु तथा पूँजिगत खातालाई असार मसान्तमा शून्य गराउनु पर्नेमा सो अनुसार गरेको पाईएन।<br>• पूँजीगत खातामा वर्षान्तमा स्रेस्ता अनुसार मौज्दात ऋणात्मक देखिएको छ।<br>पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **हिसाव मिलान -** संचित कोष चालु खाता र पुँजिगत खातामा स्रेस्ता अनुसार बाँकी रु. ९२४८२७१७.७५ रहेकोमा वैक स्टेटमेन्ट अनुसार बाँकी रु.१३७४२१५३२.१० देखिएकोमा हिसाव मिलान विवरण अनुसार साट्न बाँकी चेक रु.३९६३०४३१.३६ रहेको देखिएकोमा फरक देखिएको हिसाव मिलान हुनुपर्ने रु...... | ५३०८३७२.९२ |
| ३. | **वित्तीय जवाफदेहिता पालनाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ। | |
| ४. | **आर्थिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय, खर्च, सम्पत्ति र दायित्वको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको अवस्था समेत मूल्याङ्कन गर्न सकिने स्थिति देखिएन । | |
| ५. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ:आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले यस किसिमको कार्यविधि वनाएको छैन । जसबाट कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगवाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ ।<br>• प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू नगरेको, (निजामती सेवा ऐन, २०४९ को दफा | |

| | | |
|---|---|---|
| | ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण नगरेको, (आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ९५)<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार नगरेको, (आर्थिक कार्यविधि नियमावली, २०६४को नियम ९०.१ अनुसुची १४)<br>• केही योजनाको लागत अनुमान तयार, स्वीकृति, नापी मूल्याङ्कन, ठेक्का विल, कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख नगरेको,<br>• भ्रमण अभिलेख खाता नराखेको, (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)<br>• भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको नपाईएको,<br>• उपभोक्ता समितिबाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिमको खरिद विधि नअपनाएको, (सार्वजनिक खरिद ऐनको दफा ३.१)<br>• आयकरमा दर्ता नभएकोलाई आय ठेक्का दिएको,<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका पालिकास्तरीय आयोजनामध्ये सबै आयोजनाको उपरोक्त नियम बमोजिम अनुसूची—२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन ।<br>• निकायको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र वजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।<br>• आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) मा पेश्की लिनुपर्दा कुन कामको निमित्त के कति पेश्की चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने समेत उल्लेख छ । कार्यक्रम सञ्चालनका लागी पेश्की लिदा त्यसको विवरण पेश गरे तापनि स्वीकृत कार्यक्रमको नर्म्समा आधारित नभएको हुँदा आवश्यक भन्दा बढी पेश्की दिने गरेको पाइयो । एक कार्यक्रमका लागि पेश्की दिएपछि सो कार्यक्रम सम्पन्न नभएसम्म अर्को कार्यक्रमको पेश्की दिन नहुनेमा कर्मचारीलाई पेश्की माथि पेश्की दिने गरेको पाइयो । यसरी आवश्यकता भन्दा बढी पेश्की दिने र पेश्की माथि पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्छ ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा रु. २५ हजार भन्दा माथिको मालसामान खरिद गर्दा सम्वन्धित मालसामानको स्फेशिफिकेशन सहित लागत अनुमान तयार गरेर मात्र खरिद गर्नु पर्ने सो अनुरुप गरेको देखिएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । नगरपालिकाले सो बमोजिमको सूची तयार नगरी सालबसाली योजनाहरुमात्र संचालन गरेको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा गरेको देखिएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने<br>• सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद संझौतामा उल्लेखित अवधिमा | |

निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३ मा खरिद कारवाहीको तयारी, प्याकेजिङ्ग सम्वन्धी व्यवस्था छ । सार्वजनिक खरिद कार्य गर्दा एउटै प्याकेजमा समावेश गर्न सकिने प्रकृतिको कामलाई प्याकेजिङ्ग गरी वढी भन्दा वढी प्रतिस्पर्धा हुनेगरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ । त्यस कार्यालयले उस्तै प्रकृतिको कार्यलाई समेत प्याकेजिङ्ग नगरी टुक्रा टुक्रा गरी वर्षैभरी एक पटकमा रु. ५ लाख भन्दा घटिको हुनेगरी पटक पटक सोझै खरिद (३ वटा खुल्ला दरभाउपत्र लिई )गरेको देखिएको छ । खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पुर्ण पालना गर्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।
- वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।
- नियममा भएको व्यवस्था बमोजिम भविष्यमा आउन सक्ने संभावित जोखिमलाई न्यूनिकरण गर्न बीमा गराउने तर्फ  कार्यालयले ध्यान दिएको देखिएन ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।
- उपभोक्ता समितिद्वारा सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको

| | | |
|---|---|---|
| | सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ बमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• वित्तीय जवाफदेहिता पालनाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययीता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ६. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री मञ्जु कुमारी राईले मिति २०७६।३।१० गते रु.६४ करोड ६ लाख ८९ हजार बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।२९ मा पारित भएको छ। यसै गरी स्थानीय तहका प्रमुखले मिति २०७६।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ७. | **चौमासिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| ८. | **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | आषाढ |
|---|---|---|---|

| | | प्रमथ चौमासिक | दोस्रो चौमासिक | तेस्रे चौमासिक | महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|
| पूँजीगत खर्च शीर्षक | २४६४५२ | ३६४८४ | २२४७२ | १८७४९६ | १०७१६४ |

९. **योजनागत लक्ष्य प्रगतिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका पालिका तथा वडास्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । जसबाट सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पादन र प्रगति सम्वन्धमा एकिन गर्न तथा पालिकाबाट सञ्चालित कार्यक्रमको उपलब्धि सम्वन्धमा विश्लेषण गर्न सकिएन । नियमावलीले तोके वमोजिमको ढाँचामा क्रियाकलापगत परिमाण र खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने पर्दछ ।

१०. नगरपालिकाले रु ५ लाख भन्दा कमका टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक, मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दिगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

११. **खर्च क्षमताः** पालिकाले विनियोजित वजेट प्रचलित कानुनको अधिनमा रही योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्नु पर्नेमा २०७६ आषाढ मसान्तमा रु. १०६७२३४०८.६९ सञ्चित कोषमा मौज्दात राखेको पाइयो । पालिकाको विकासमा दीर्घकालीन सोच निर्धारण गरी मौज्दातको प्रयोग गर्दै सेवा प्रवाहलाइ उच्चस्तरको वनाउनेमा पालिकाको सवै पक्षको ध्यान पुग्नु पर्ने देखियो ।

१२. **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । अत ऐन तथा नियमावलीमा तोके बमोजिम गुरु योजना तथा वार्षिक खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यवस्थापन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

१३. **सेवा प्रवाह स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । नगरपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ ।

| क.सं | विवरण | निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | १२४६ | १२४६ | |
| २ | घर बाटो सिफारिस | १८८८ | १८८८ | |
| ३ | नाता प्रमाणित | २९२ | २९२ | |
| ४ | जन्म, मृत्यु दर्ता | १८३५ | १८३५ | |
| ५ | अन्य | १७८ | १७८ | |

१४. **न्युनतम दररेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफनो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै निर्माण सामाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्युनत्तम दररेट तोक्नुपर्ने व्यवस्था छ। नगरपालिकाले कानुन बमोजिम न्युनत्तम दररेट निर्धारण गरेको नपाइएकोले निर्माण कार्यसगँ सम्बन्धित दर विश्लेषणको सम्बन्धमा एकिन हुन सक्ने अवस्था नदेखिएकोले नगरपालिकाले न्युनतम दररेट निर्धारण

| | | |
|---|---|---|
| | गर्नुपर्नेछ । | |
| १५. | **योजना छनौटः** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।<br>क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,<br>ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,<br>ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम हुने,<br>ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने,<br>च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,<br>ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धनमा गर्न सघाउ पुऱ्याउने योजना छनौट गरी बजेट तर्जुमा गर्नुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी व्यवस्थापन** | |
| १६. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जिनियर, जनस्वास्थ्य अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १७. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामका लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ५ पदमा ३३ जना कर्मचारीहरु करारमा राखि रु. ९५ लाख २६ हजार खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ३ पदमा ४ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १५,६६,३३०।- भुक्तानी गरेको अनियमित दिखएको रु....... | १५६६३३० |
| १८. | **कर्मचारी प्रोत्साहन भत्ताः** ७०६-२०७७।३।३० स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.१.४ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता भुक्तानी गर्दा समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। नगरपालिकाले नगरपरिषद्को निर्णयानुसार | |

| | | |
|---|---|---|
| | नगरपालिकामा कार्यरत २७ जना कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप तलबको २५ देखि ४० प्रतिशत सम्म तथा ४ महिना देखि ६ महिनाको रकम रु.१५,९१,०७५।-वित्तीय समानिकरण चालु अनुदान शीर्षकबाट भुक्तानी भएको देखियो। स्थानीय तहले स्वीकृत नलिइ यो वर्ष प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु. | १५९१०७५/- |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १९. | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, १ वटा नियमावली, ९ कार्यविधि, २ वटा निर्देशिका लगायत कानून निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । साथै पालिकाले २१ वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेका छैनन्। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २०. | **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी र यो बर्ष थप भएको गरी कुल ३१ विवाद दर्ता भएकोमा २४ वटा मात्र फछ्र्यौट भई ७ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१. | **आन्तरिक लेखापरीक्षणः**- स्थानीयतहको आन्तरिक लेखापरीक्षण सम्बन्धमा नेपाल सरकारको मिति २०७४।२।१७ को निर्णय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।७।८ को परिपत्र अनुसार स्थानीयतहको आन्तरिक परीक्षण आफ्नै आन्तरिक लेखापरीक्षकबाट गराउने आफ्नै आन्तरिक लेखापरीक्षक नभएमा जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षक बाट गराउने, जिल्ला समन्वय समितिको आन्तरिक लेखापरीक्षक समेत उपलव्ध हुन नसक्ने भएमा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउने व्यवस्था भएको छ। उक्त व्यवस्था विपरित खिलराज पोखेल एण्ड एसोशियटबाट आन्तरिक लेखापरीक्षण गराएको देखियो । | |
| | **पदाधिकारी सुविधा** | |
| २२. | **मोवाईल सुविधा** — प्रदेश नं.१ प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा प्रकाशित प्रदेश नं.१ का स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ अनुसार पदाधिकारी तथा सदस्यहरुलाई मोवाईल सेट सरकारी वजेटबाट खरिद गरी वितरण गर्ने सुविधा दिएको देखिदैन । तर यस नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले गोश्वारा भौचर नम्वर ३४-२०७६/४/२४ बाट ३७ थान मोवाईल खरिद गरेर निजी प्रयोग गरेको देखियो । अत मोवाईल खरिद गर्ने कार्यामा गरेको भुक्तानी नियमसम्मत नदेखिएको रु. | ४९९५०० |
| २३. | **पदाधिकारी यातायात खर्चः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-१ (ख) को क्र.सं. ११ मा नगरपालिकाका पदाधिकारीले पाउने यातायात खर्च सम्बन्धी व्यवस्था उल्लेख छ । तर नौ वडाकै वडा अध्यक्षहरुले नगरपालिकाबाट मोटरसाईकल सुविधा र मासिक रु. ४,५००।- का दरले यातायात खर्च समेत दोहोरो सुविधा प्राप्त गरेको देखिएको हुँदा वार्षिक रुपमा प्रति वडाध्यक्ष रु. ५४,०००।- का दरले असूल उपर स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ४८६०००/- |
| २४. | **निजी सचिवको चाडपर्व र पोशाक भत्ताः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा ३ अनुसार कार्यपालिकाको निणर्य बमोजिम एक जना निजी सचिवको रुपमा राख्न पाउने व्यवस्था छ । सोही व्यवस्था अनुरुप नगर प्रमुखलाई एक | |

| | | |
|---|---|---|
| | जना निजी सचिवको व्यबस्था गरेकोमा पोशाक भत्ता र चाडपर्व खर्च दिने उल्लेख नगरेको हुँदा ऐनको पालना भएको नदेखिएकोले निजी सचिव सुवोध कुमार साहलाई भुक्तानी गरेको रकम पोशाक भत्ता रु. १०,०००।र चाडपर्व खर्च रु. २६,६१०।- कानून विपरित भुक्तानी भएको नियमसंगत नदेखिएको रु. | ३६६१०/- |
| २५. | **अनुगमन भत्ताः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधाको सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन, २०७५ को दफा ३ मा पालिकाका पदाधिकारीहरुको सुविधा अनुसूची १(ख) वमोजिम हुने उल्लेख गरेको छ । त्यसै गरी अनुसूची १(ख) मा अनुगमन भत्ता मासिक रुपमा एकमुष्ठ उपलव्ध गराउने व्यबस्था भएकोमा निम्नानुसारको पदाधिकारीहरुले योजना अनुगमन मूल्यांकन वापत थप भत्ता लिएको देखिएकोले ऐनको व्यबस्था विपरित भुक्तानी भएको भत्ता असुल गरी दाखिला गर्नुपर्ने रु. | २७८४०/- |

| भौ.नं. | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ४४०-२०७७।१।३१ | वडा नं. ४ को योजनाहरुको अनुगमन गरेको | वडा समित सदस्यहरु | ९१२० |
| ७२५-२०७७।३।२५ | वडा नं. ४ को योजनाहरुको अनुगमन गरे वापत | वडा समितिका सदस्यहरु | ९१२० |
| ७२५-२०७७।३।२४ | वडा नं. ६को योजनाहरुको अनुगमन गरेको | वडा समितिका सदस्यहरु | ९६०० |
| जम्मा | | | २७८४० |

| | | |
|---|---|---|
| २६. | **सल्लाहकारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ तथा अन्य कानुनहरुले स्थानीय तहमा सल्लाहकारको व्यवस्था गरेको छैन । कानुनमा व्यवस्था नभएको सल्लाहाकार नियुक्त गरी नगरपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरि खर्च लेखेको रकम असुल गर्नु पर्ने रु. | २२४०००/- |

| क्र.स. | नाम | पद | मासिक पारिश्रमिक | चाडपर्व खर्च | पोशाक खर्च | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | विरेन्द्रकुमार साह | प्रेस सल्लाहकार | १४४००० | १२००० | १०००० | १६६००० |
| २ | नारायण निरौला | कानूनी सल्हाकार | ५८००० | - | - | ५८००० |
| | | जम्मा | २०२००० | १२००० | १०००० | २२४००० |

| | | |
|---|---|---|
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| २७. | **आन्तरिक आम्दानी तर्फः** नेपालको संविधान, २०७२ को धारा २३० बमोजिम नगरपालिकाले आर्थिक ऐन, २०७६ तयार गरी लागू गरेको भएता पनि सोही अनुरुप निर्धारित दरमा शुल्क तथा कर रकम नियमित रुपमा असुल गर्ने गरेको पाइएन ।<br>• नगरपालिका क्षेत्रमा रहेका विभिन्न व्यापार व्यवसाय, परामर्शदाता लगायतका सबै निकाय, बैंक तथा वित्तीय संस्था , अन्य सघं सस्था आदिलाई अनिवार्य दर्ता गराउने, नवीकरण गर्ने तथा निर्धारित वार्षिक कर दस्तुर समेत असुल गर्ने कार्य प्रभावकारी रुपमा भए गरेको पाइएन ।<br>• मनोरञ्जन कर वापत कुनैपनि रकम असुल गरेको पाइएन । नगरपालिका क्षेत्रमा रहेका सिनेमा घर तथा चलचित्र भवन तथा होटलको दर्ता नविकरण तथा वार्षिक कर असुल गरेको पाइएन ।<br>• विभिन्न सघं संस्थाका घर तथा कार्यालय बहालकर असुल गर्न पूर्व अध्ययन गर्ने तथा कार्यान्वयन प्रभावकारी रुपमा गर्ने तर्फ कार्यालयको विशेष ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । जस्तै पसल तथा विभिन्न कार्यालयहरुको पूर्ण विवरण तयार गर्ने दर्ता तथा नविकरण अद्यावधिक गर्ने प्रति वर्ग फिटमा स्थान अनुसार बहाल दर निर्धारण गरी असुल गर्नुपर्ने । | |
| २८. | **भवन तथा जग्गाः** यस नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन तथा जग्गाहरुलाई उच्चतम सदुपयोग गरी आन्तरिक आय अभिवृद्धि गर्ने कार्यमा विशेष पहल गर्नुपर्ने देखिन्छ । भवनहरुलाई मर्मत सम्भार रंगरोगन गरी आधुनिकीकरण गर्ने तर्फ प्रभावकारी कार्य गर्नुपर्ने तथा विभिन्न स्थानमा रहेका जग्गाहरुलाई आवश्यकता अनुसार स्वःप्रयोजनमा प्रयोग गर्नुपर्ने तथा व्यवसायिक प्रयोजनका भवन निर्माण गरी बहालमा ठेक्का लगाई पर्याप्त आन्तरिक आय श्रृजना गर्ने तर्फ कार्यालयले विशेष पहल गर्नुपर्ने सुझाव | |

| | | |
|---|---|---|
| | पेश गरिएको छ । | |
| २९. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ८९५४७९/- कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३०. | **श्रोत अनुमान तथा वजेट सीमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याएता पनि ठूला पूर्वाधार क्षेत्रलाई वजेटको प्राथमिकतामा नराखेकोले साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा वजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन सकिने छनौट गरिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउने तर्फ विशेष ध्यान पुग्नु आवश्यक छ । | |
| ३१. | **राजश्व कारोबारको लेखाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२ (१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०५, १०८ नराखेको तथा दैनिक राजश्व असूलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०५, १०८ लगायतका फारमहरु राखि राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । | |
| ३२. | **रसिद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई भयो, गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजस्व असुलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । | |
| ३३. | **राजश्वः** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ मा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रको वारेमा व्यवस्था छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:<br>• ऐनको दफा ५८ मा आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था भएकोमा लगत संकलन तथा अद्यावधिक नगरी कर संकलन मात्र गरेको देखिन्छ ।<br>• ऐनको दफा ६१ मा जडीवुटी कवाडी र जीवजन्तु कर लगाउने व्यवस्था भएकोमा सो को पहिचान गरेको छैन ।<br>• ऐनको दफा ६२ (ख) मा सामुदायिक वनले वन पैदावारको विक्री वापत प्राप्त हुने रकमको दश | |

प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था भएकोमा सामुदायिक वनबाट राजस्व प्राप्त भएको छैन ।

- आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । स्थानीय तहहरु लेखापरीक्षणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका सम्पूर्ण अभिलेख व्यवस्थित गरी राख्नु पर्नेमा नगदी रसिद र सो पोस्टीङ्ग गरेको अभिलेख प्रस्तुत भएन । नगदी रसिद नियन्त्रण समेत अध्यावधिक गराई नराखेकोले नगदी रसिदको अ.ल्या., यस वर्षको आम्दानी र बाँकीको विवरण एकिन गर्न सकिएन । । वर्तमान स्थानीय तहबाट समेत यसमा विशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिपालन गर्नुपर्दछ ।
- कार्यालयले मूल संचित कोषको वैंक नगदी किताव तयार गरेको छैन । जसले गर्दा आन्तरिक आय, विषयगत निकाय तथा अन्य श्रोतवाट प्राप्त आम्दानीको सही लेखांकन भए नभएको सुनिश्चित गर्न सकिएन । प्राप्ती तथा खर्चको विवरण अद्यावधिक गर्नुपर्दछ ।
- नगरपालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयबाट प्राप्त रकमको शीर्षकगत विवरण नराखेको कारण कुन शीर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।
- यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वहरुको लगत अध्यावधिक गरी उठाउनुपर्नेमा उठाएको छैन ।

३४. नगरपालिकाको २०७६ पौष महिनाको आन्तरिक आम्दानी तर्फ राजस्व संकलन इकाईहरुको नगद रसिद र बैंक दाखिला परीक्षण गर्दा निम्न व्यहोरा देखिएको छ । परीक्षणबाट देखिएको व्यहोरा सम्बन्धी नगरपालिकाले आवश्यक कारवाही गरी आन्तरिक आम्दानी व्यवस्थित गर्नु पर्दछ ।घटी दाखिला गरेको असुल गर्नुपर्ने रु. ११५४७/-

| गो.भौ.नं. | वडा नं. | नगद रसिदबाट देखिएको राजस्व आम्दानी | बैंक दाखिला गरेको रकम | फरक रकम |
|---|---|---|---|---|
| ४५-२०७६/११/७ | १ | ६८३३० | ५९६३० | ८७०० |
| ५३-२०७६/११/७ | २ | ४९५८४ | ४९५८४ | ० |
| १३१-२०७७/३/८ | ३ | ११९३६९ | ११८३१७ | १०५२ |
| ५७-२०७६/११/१५ | ४ | ७३५३८ | ७३५३८ | ० |
| ६१-२०७६/११/१५ | ५ | ७९४४२ | ७९४४२ | ० |
| ४९-२०७६/११/०७ | ६ | ५९०५५ | ५९०५५ | ० |
| ७५-२०७६/११/२२ | ७ | ७१८७७.५० | ७१०७७.५ | ८०० |
| - | ८ | - | - | - |
| ११४-२०७७/२/२१ | ९ | ४९५७४ | ४८५७९ | ९९५ |
| | नगरपालिका | १७५९९८ | १७५९९८ | ० |
| | | | | ११५४७ |

३५. **राजस्व एकिन नभएकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ र २८ ले राजस्वको अभिलेख अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।तर पालिकाले आर्थिक वर्ष २०७६।७७ मा वडा नं. ८ लाई १२ थान मालपोत रसिद र १० थान नगदी रसिद वितरण गरेकोमा लेखापरीक्षण अवधि सम्म फिर्ता नभएको र रु १०८०००।- मात्र स्थानीय संचितकोषमा दाखिला भएको छ ।वडा कार्यालयले

| | | |
|---|---|---|
| | नगरपालिकाबाट बुझिलिएको नगदी रसिदहरू अझै सम्म पनि बुझाई नसकेको हुँदा वडा कार्यालयबाट के कति राजस्व रकम प्राप्त भयो कति रकम दाखिला हुन बाँकी छ एकिन हुन सकेन । लेखापरीक्षण अवधि सम्म गत आ.व. २०७६।७७ को जम्मा राजस्व रु. १०८०००।– मात्र स्थानीय संचित कोषमा दाखिला गरेको देखिन्छ । उक्त वडा कार्यालयबाट यस आर्थिक वर्षमा प्राप्त भएको राजस्व र बैंक दाखिलाको विवरण लिई नगरेकोले यस वर्ष दाखिला देखिएको रकमलाई यकिन गर्न नसकिएको रु. | १०८००० |
| ३६. | **असुल गरेको भन्दा कम रकम दाखिलाः** आर्थिक कार्यविधि नियमवाली, २०६४ को नियम ९(५) मा कार्यालयमा नगद वा बैंक भौचरको रुपमा प्राप्त भएको जुनसुकै राजस्व रकम अनिवार्यरुपमा आम्दानी रसिद काटी सम्बन्धित खातामा आम्दानी जनाउनु पर्ने उल्लेख छ । नगरपालिकाले निम्नानुसारको शीर्षकमा संकलन गरेको आम्दानी असुल गरेको भन्दा घटी दाखिला गरेको र रसिद अनुसार रकम भन्दा घटी आय लेखाङ्कन गरेको सम्बन्धमा छानविन गरी घटी रकम संचित कोषमा दाखिला गर्नुपर्ने रु | १२६३५ |

| मिति | विल नं | शीर्षक | रसिद अनुसारको रकम | आय खातामा अनुसार रकम | घटी रकम |
|---|---|---|---|---|---|
| २०७६।४।१३ | १२७२९ | अन्य आम्दानी । | ३०० | २०० | १०० |
| २०७६।४।२१ | १२९१६ | अन्य आम्दानी | ४०० | २०० | २०० |
| २०७६।५।२४ | १०९१ | अन्य आम्दानी | १००० | ५०० | ५०० |
| २०७६।५।१२ | ९३२ | चार किल्ला प्रमाणित | १००० | ५०० | ५०० |
| २०७६।८।८ | ३०८१ | चार किल्ला प्रमाणित | १५०० | ० | १५०० |
| २०७६।९।९ | ३७०२ | घर बाटो दस्तुर | १००० | ५०० | ५०० |
| २०७६।१०।८ | ३८१८ | घर बाटो सिफारिस | ५०० | १०० | ४०० |
| २०७६।१०।८ | ३८१९ | चार किल्ला प्रमाणित | १००० | ५०० | ५०० |
| २०७६।१०।९ | ३८२१ | विधुत मिटर | ५०० | ३०० | २०० |
| २०७६।१०।२७ | ३९१९ | घर बाटो सिफारिस | ५०० | ५० | ४५० |
| २०७६।१०।२७ | ३९२१ | घर बाटो सिफारिस | १००० | ५०० | ५०० |
| २०७६।११।४ | ३९९८ | घर बाटो सिफारिस | १००० | ५०० | ५०० |
| २०७६।११।७ | ३९६२ | कपाली दस्तुर | २०० | १०० | १०० |
| २०७६।८।१ | १६९६-१७०० | अन्य आम्दानी | १७५० | ० | १७५० |
| २०७६।९।१ | १७७२-१७७७ | अन्य आम्दानी | १७०० | ० | १७०० |
| २०७६।९।१५ | ४३६४ | सम्पति कर | ५५० | ५० | ५०० |
| २०७६।१०।८ | ४४३९ | चार किल्ला प्रमाणित | ७२० | ५१० | २१० |
| २०७६।५।२४ | ५५ | मालपोत | १००० | १०० | ९०० |
| २०७६।५।२४ | ५७ | मालपोत | २५० | १५० | १०० |
| २०७६।९।११ | १४६८ | मालपोत | ३५० | १५० | २०० |
| २०७६।९।२८ | १५०४ | मालपोत | ७७५ | २५० | ५२५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७६ माघ महिनाको | वडा नं. ९ | जम्मा आम्दानी | ५०६५१ | ४९७५१ | ९०० | |
| | | | | जम्मा | १२६३५ | |

३७. **बक्यौताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शूल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तशुल्क, आय ठेक्का, कर दस्तुरको वडागत लगत तयार नगरेबाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठनुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठनुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्नेमा सो अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्ने तर्फ पालिकाको विशेष रुपमा ध्यान दिई असुल गर्नुपर्ने रु. ७४०००/-

| ठेक्का लागेको क्षेत्र | करदाताको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|
| दोहमना हाट ठेक्का | रमेश यादव | १११००० | ३७००० | ७४००० |

**विनियोजन तर्फ**

३८. **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ ।

३९. **सफ्वेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले आन्तरिक राजश्व संकलन प्रणाली सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु. २७७२०० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

४०. **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को संसोधन अनुसार कुनै कामका लागि कन्टिन्जेन्सी रकम आवश्यकता नपर्ने भएमा रकम छुट्याउनु हुँदैन सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम निर्धारण गर्नुपर्दा आवश्यकता र मितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी आवश्यकतानुसार ५ प्रतिशतसम्म कन्टिन्जेन्सी रकम छुट्याउन सकिने छ । यसरी छुट्याएको कन्टिन्जेन्सी रकमको कार्यक्रम बनाई अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्नेछ सो रकममध्ये ५० प्रतिशतभन्दा बढी रकम चालू प्रकृतिको शीर्षकमा खर्च गर्न पाइने छैन साथै सो खर्चको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ । तर कार्यालयले कन्टिन्जेन्सी खर्चको अभिलेख स्पष्ट राखेको छैन । के कति चालू प्रकृतिमा खर्च भएको हो अभिलेख अद्यावधिक हुनु पर्छ ।

४१. **योजनागत खर्च खाताः** त्यस नगरपालिकाको नगर सभाले नगरपालिका पूँजिगत तर्फ विभिन्न योजना तथा

| | | |
|---|---|---|
| | कार्यक्रमको लागि रु.२७ करोड ८७ लाख ३ हजार विनियोजन गरेकोमा रु.२४ करोड ६४ लाख ५२ हजार खर्च गरेको देखिएको छ । योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी पेश हुनुपर्दछ । कार्यलयको भनाई अनुसार सुत्र प्रणालीमा विनियोजित रकम भन्दा बढी भुक्तानी लेख्न नमिल्ने भएकाले दोहोरो नहुने तर काम भन्दा बढी भुक्तानी प्राविधिक विल बमोजिम हुन भने सक्ने जानकारी गराएको छ । | |
| ४२. | **उपभोक्ता समिति छनौट –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समूदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | |
| ४३. | **नापी कितावः** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न.५१२ मा उल्लेख गर्नुपर्ने गरी महालेखापरीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ । उक्त नापी किताबमा ठेक्का नं आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्न र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था छ । कार्यलयले उक्त प्रयोजनलाई नापी किताव प्रयोग गर्दा लुज सिटलाई नै नापी किताव मानी कार्य गर्न गरेको देखिन्छ । यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुदा नं ३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गर्दा कन्टिन्जेन्सी खर्च नापी कितावमा चढाएको पाइएन । नापी किताव तोकिएको ढाचामा सबै व्यहोरा नखुलाई लुजसिटमा राख्दा आवश्यकता अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन सकिने अवस्था छैन । लुजसिटलाई नै नापी किताव मान्ने व्यवस्थालाई नियमले छुट दिएको पनि देखिदैन । तसर्थ नापी कितावमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कोषका प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खाता म.ले.प.फा.न.५१२ मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ । | |
| ४४. | **कार्य स्वीकार र कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गरी मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस्तै नियम १२५ मा निर्माण कार्य सम्पन्न भएको तीस दिनमा निर्माण व्यवसायीले एज विल्ट नक्सा पेश गर्नुपर्ने, त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो कार्य सम्पन्न प्रतिवेदन एक तह माथीको अधिकारी समक्ष पेश गर्नुपर्ने, त्यस्तो अधिकारीले | |

आवश्यक देखेमा जाँचबुझ गराउन सक्ने र जाँचबुझ गर्दा ड्रइङ्ग, डिजाइन, स्पेसिफिकेशन बमोजिम भएको पाएमा निर्माण कार्य स्वीकृत गर्ने व्यवस्था छ । यस आयोजनाले निमार्ण कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिने गरेको देखियो । निमार्ण कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार गरी भुक्तानी दिनुपर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भएपछि सच्चाउनुपर्ने त्रुटिहरु सच्चाएपछि मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा निर्माण कार्य समाप्त हुनासाथै कार्य स्वीकार प्रतिवेदन तयार गरेतापनि त्रुटी सच्याउने अवधि पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार देखिएन । यसबाट त्रुटी सच्चाउने अवधिको त्रुटिहरु सच्चाएको सुनिश्चित हुने आधार देखिएन । नियमावलीको व्यवस्था बमोजिम कार्य स्वीकार र कार्यसम्पन्न तयार गर्नुपर्ने र कार्यसम्पन्न प्रतिवेदन एक तहमाथिको अधिकारी समक्ष पेश गर्ने व्यवस्थाको अनिवार्य व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।

४५. **गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले निर्माण कार्यमा प्रयोग भएको सामान तथा आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

४६. **त्रुटी सच्याउने कार्यः** ठेक्का सम्झौता अनुसारको काम सम्पन्न भएपछि आयोजनालाई निर्मित संरचना हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म त्रुटी सच्चाउने अवधि राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यबसायी मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि कार्यालयले संचालनमा रहेका योजनाहरुको विवरण अद्यावधिक राखी बिग्रेका कामका लागि निर्माण व्यवसायीलाई पूर्ण रुपमा जिम्मेवार बनाई त्रुटी सच्चाउन लगाउनु पर्दछ । त्रुटी सच्चाउनु पर्ने कार्यको ठेक्कागत अभिलेख राखी त्रुटी सच्चाएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

४७. **बोलपत्रः** सार्बजनिक खरिद ऐन, २०६३ को दफा २६(६) अनुसार सार्बजनिक निकायले प्रकाशित वोलपत्रमा कुनै बोलपत्रदाताले आपसमा मिलोमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्तो वोलपत्र रद्ध हुने व्यबस्था रहेको छ। कार्यालयबाट यस बर्ष वोलपत्रका माध्यमबाट भएका ठेक्का व्यवस्था मध्ये १ ठेक्काको रु.२१७०३९९५/- लागत अनुमान भएकोमा रु.२१५६१६१५/- ठेक्का व्यबस्था भएको देखियो । ति ठेक्का लागत अनुमानको शुन्य प्रतिशत देखि ०.६५ प्रतिशत घटिमा मात्र ठेक्का व्यवस्था भएको छ । पर्याप्त प्रतिस्पर्धा हुने गरि ठेक्का व्यबस्था भएको पाईएन ।

४८. **मूल्य अभिवृद्धि कर दर्ता नभएकासँग खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा विस हजार रुपैंया भन्दा वढीको सामान खरिद गर्दा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएका फर्मवाट खरिद गर्नुपर्ने व्यवस्था विपरित निम्नानुसार पालिकाले उपभोक्ता समिति मार्फत गराएको कार्यमा उपभोत्ता समितिले विभिन्न निमार्णको कार्यमा निमार्ण सामग्री खरिद गरेको रु. ५३१३३५८.९० मू.अ.कर दर्ता नभएकावाट खरिद गरेको कानुनसम्मत देखिएन । कानुनमा भएको व्यवस्था पालनामा नगरपालिकाले ध्यान दिनुपर्दछ ।

| गो. भौचर नं | मिति | विवरण | बिक्रेताको नाम | रकम |
|---|---|---|---|---|
| ५४४ | २०७७/०३/०३ | आर.सि.सि कल्भट देखि चमन लालको घर सम्म माटो ग्राभेल | भोलेनाथ सप्लार्यस | ३२३,०००.०० |
| | | | के.पी कन्सट्रक्सन प्रा. लि. | ७८,४००.०० |
| २५ | २०७७/०३/२८ | धुर्नापाटी बाटो ग्राभोल मस्जिद टकुवा, महर्षी गेट, रमनपुर कृषीदेव टोल झुंगीटोल सडक ग्राभेल | दिनेश ट्रेर्डस | ६३२,५००.०० |
| | | | आर.आर फर्निचर | ३९,१००.०० |

| | | | | |
|---|---|---|---|---|
| २३ | २०७७/०३/२८ | गिर्दोलिया जोगीधाप मर्चैनिया सडक स्तोरन्नति | पि.एल निर्माण तथा ढुवानी सेवा | १४२,५८४.९० |
| ७ | २०७७/०३/३१ | अमरदह कृषि सिंचाइ मार्ग ग्राभेल | भुल्कदेवी बिल्डस एण्ड सप्लार्यस | ५४६,०००.०० |
| २१ | २०७७/०३/२९ | मुसहर, दयाला, गुलेश्वरी, शैलेश महाराज, शिव, रामजानकि, विष्णु मन्दिर दिनाभद्री फलैचा निर्माण | दिप ज्योति सप्लार्यस | ५५,५००.०० |
| | | | एस.आर सप्लार्यस | २८,५००.०० |
| १६१ | २०७७/०२/१३ | सिक्टी वरडंगा वडा नं ७ र ८ आर.सि.सि कल्भट | बि.पि.एल ढुवानी | ४७८,५००.०० |
| २० | २०७७/०३/२५ | केचना खेल मैदान स्तोरन्नति | लोगेन सप्लार्यस | ४०५,६००.०० |
| २१ | २०७७/०३/२५ | ब्रहालिन महर्षी दलबहादुर परमेहश मन्दिर जाने प्रवेशद्वार निर्माण | प्रकाश सिसा अल्मुनियम | ७२,०००.०० |
| | | | नासिर स मिल | २८,६००.०० |
| ३० | २०७७/०३/२८ | गणेश ठाकुरको वास देखि लक्ष्मी मन्दिर सम्म जाने बाटो स्तोरन्नति | कुसुहवा ढुवानी सेवा | २२२,०००.०० |
| २८ | २०७६/०५/२० | काशीधाम देखि डुलिचल घर सम्म ग्रावेल बाटो | भुल्केदबि बिलडर्स एण्ड सप्लायर्स | २२,८००.०० |
| ६४६ | २०७७/०३/२५ | शिव मन्दिर चौतर्फि बाटो तथा ५ नं वडा सिमानाको बाटो ग्राबेल | भुल्केदबि बिलडर्स एण्ड सप्लायर्स | ५७०,०००.०० |
| ६४७ | २०७७/०३/२५ | वनकोलको झोलुङगे पुल देखि रङगेलि सिमाना सम्म सडक स्तोरन्नती | न्यु पोखेल दुवानी सेवा | २६२,५००.०० |
| ७११ | २०७७/०३/३० | वडा भित्रका विभिन्न अत्यावश्यक वाटो निमार्ण उपभोक्ता उपसमिति | भुल्कादेवि बिल्डर्स एण्ड सप्लायर्स | २७४,४००.०० |
| ७१ | २०७६/०७/०५ | सुकदेवको घर देखि पश्चिम तेक नारायणको घर सम्म सडक मर्मत | उप्रेती सप्लायर्स | ११७,५०० .०० |
| ७५३ | २०७७/०३/३१ | वाटो मर्मत वार्ड नं ६ | भुल्केदेवि बिल्डर्स एण्ड सप्लायर्स | २२८,०००.०० |
| ९६ | २०७६/११/०६ | वाटो मर्मत | भुल्केदेवि बिल्डर्स एण्ड सप्लायर्स | ३९६,०००.०० |
| ९८ | २०७७/०३/१३ | खयरवारी जाने सडक उ.स | उप्रेती सप्लायर्स | १६२,१७४.०० |
| २८१ | २०७७/०३/३० | ट्रान्सफर्मर देखि कविरस्थान जाने वाटो ग्रावेल | भुल्केदेवि बिल्डर्स एण्ड सप्लायर्स | २२७,७००.०० |
| | | | **जम्मा** | ५३१३३५८.९० |

४९. **भरपाई मार्फत भुक्तानीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा विस हजार रुपैंया भन्दा वढीको सामान खरिद गर्दा मुल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता भएका फर्मवाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार उपभोक्ता समितिबाट गराएको विभिन्न योजनामा निमार्ण सामग्री ,दुवानी सेवा र मेसिनको प्रयोग गर्दा मू.अ.कर दर्ता नभएकावाट भरपाई मार्फत बस्तु तथा सेवा खरिद गरी सोही अनुसार उपभोक्ता समितिलाई खर्च लेखेको कानुन सम्मत नदेखिएको रु. ७९९२३३८/-

| गो.भो.नं मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| ०७-२०७६/०५/१८ | वटरवारी स्कुल ५ नं सिमाना सम्म सडक मर्मत | २३१,८०० |
| १७-२०७६/०५/१९ | नरबम चोक देखि बराल टोल सम्म बाटो मर्मत | ३७५,१६५ |
| २१-२०७६/०५/१९ | डिल्ली मार्ग टिकाराज बस्नेतको घर पश्चिम पिपल चोक जार्ने हालिमा पर्ने आर.सि.सि कल्भर् | १६३,०६१ |

| | | |
|---|---|---|
| ३६-२०७६/०५/२६ | पिपल चोक देखि सरस्वती आधारभुत विद्यालय हुँदै वडा नं ६ को सिमाना सम्म बाटो कालो पत्रे | ९१८,४८० |
| ४१-२०७६/०५/२६ | बलरामको घर देखि सुकदेवको घरसम्म जाने बाटो उ.स | ७४,००० |
| ४४-२०७६/०५/२७ | वडा स्तरिय सडक मर्मत सम्भार उ.स | ३८९,४०० |
| ६०-२०७६/०७/०५ | सडक मर्मत सम्भार | ३५१,००० |
| ९२-२०७६/११/०६ | कडेल चोक पुर्व रत्न मा.वि हुदैं कुइकेल टोल जोड्ने सडक स्तरोन् ती | २६०,४०० |
| ९४-२०७६/११/०६ | सडक स्तरोन्नती | ५९४,००० |
| ९६-२०७६/११/०६ | वडा भित्र विभिन्न अत्यावश्यक बाटोहरु मर्मत तथा निमार्ण | १३,६०० |
| ५६६-२०७७/०३/०२ | ईन्द्रदेव पासवानको घर अगाडी गान्धि मनमोहन मार ग पुर्व पश्चिम सडक ग्राभेल | ३३०,००० |
| ९७-२०७६/११/०७ | अ रदह बजार व्यवस्थापन तथा पुर्वाधार निमार्ण | २३९,१०० |
| ७५८-२०७७/०३/३१ | महाराजथान घेराबारा ग्रील र गेट निर्माण | १५५,००० |
| ९९-२०७७/११/१३ | गान्धी मनमोहनमार्ग अर्जुन राईको घर हुँद  उत्तर झोलुङगे पुल सम्म सडक स्तर उन्नती | ३९६,००० |
| २०६-२०७७/०३/०९ | डाँस खोला नदि नियन्त्रण | २०७,८०० |
| २१३-२०७७/०३/१६ | दशानन्दको काटा देखि शैय लाल सुतिहारको घर सम्म माटो ग्रावेल | २४,७०० |
| २२५-२०७७/०३/१९ | | ११२,२०० |
| ३०-२०७७/०३/२९ | गणेश ठाकुरको वास देखि लक्ष्मी मन्दिर सम्म बाटो स्तोरन्नति | ३०७५०० |
| १६१-२०७७/०२/१३ | सिक्टि बरडंगा नं ७   ८  कल्भर्ट | ७०,००० |
| १६३-२०७७/०२/१५ | नरायाण भण्डारीको घर हुदै पिपल चोक मनमोहन गान्धी मार्ग | ४५६,४०० |
| १६-२०७७/०३/३१ | श्री मङल सिहँ मा वि केचना गिर्दलिया कब्रस्थान घेरा बारा भौतिक पुर्वधार विकास | २२८,००० |
| १६७-२०७७/०२/१८ | हेमालु गनगाईको घर हुदैं बक्राह बाध सम्म बाट  विस्तार तथा ग्राभेल उ.स लाई रकम भुक्तानी | २५९,५०० |
| १८२-२०७७/०२/३२ | वार्ड न  १ मारिया बक्राहा नदी नियन्त्रण | ४५,००० |
| १८५-२०७७/०३/०१ | भुवन बुढाथोकीको घर उत्तर होलीमा ह्युम पाइप कल्भर्ट निर्माण | १६७,००० |
| १२६-२०७६/१२/०५ | कमल शिवाको घरदेखि उत्तर पुर्व हुदैं कृष्ण र जवंशीको घर सम्म सडक मर्मत | १९८,००० |
| १४१-२०७७/०१/२३ | कुमारलाल ठाकुरको घरदेखि महवतलाल राजवं ीको घर हुँदै पोखरी सम्म सडक कालो पत्रे | ९६२,००२.८ |
| १४५-२०७७/०१/२८ | दलि आधारभुत विद्यालय देखि डल्लु टो  सम्म सडक | १०३,२६० |
| ५२-२०७६/०६/१३ | | ३६०,००० |
| | जम्मा | ७९९२३३८.८ |

कानुनमा भएको व्यवस्था अनुसार उपभोक्ता समितिबाट गराउने कार्यमा नियमावलीले गरेको व्यवस्था पालना गराउन  नगरपालिकाले ध्यान दिनुपर्दछ ।

५०. **वेरितको कर विजकः** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि वाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बिजक दिनुपर्ने व्यवस्था छ । निम्नानुसारको भुक्तानीमा अनुसूची बमोजिमको ढाँचा अनुसार को विजक बेगर विजक नम्बर हातले सच्याइ रु. ३४५२३०।१६ मू.अ.कर भुक्तानी दिएकोले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु. ३४५२३०.१६

| गो.भौ | मिति | योजनाको नाम | बिक्रेताको नाम | भुक्तानी रकम | मु.अ.क |
|---|---|---|---|---|---|
| १२ | २०७७.०३.१४ | कार्तिक चन्द सिंहको कल्भट सम्म सडक स्तोरन्नति | श यमा निर्माण सेवा प्रा. लि. | ५१०,१९५.०० | ५८,६९५.०० |
| १४ | २०७७.०३.१४ | गुलाम मोहिदिनको ट्रान्सर्फमर देखि पूर्व जाने बाटो स्तोरन्नति वडा नं ८ | शायमा निर्माण सेवा प्रा. लि. | ४९७,७६५.०० | ५७,२६५.०० |
| १३ | २०७७.०३.१४ | ईश्वर लाल राजवंशी दक्षिण पूर्व पासवान टो हुदै आर.सि.सि कल्भट सम्मको बाटो निर्माण वडा नं ९ | शायमा न र्माण सेवा प्रा. लि. | ४९२,४६३ ०४ | ५६,६५५.०८ |
| १२ | २०७७.०३.१४ | कार्तिक चन्द्र सिंहको कल्भ सम्म सडक स्तोरन्नति | शायमा निर्माण सेवा प्रा. लि. | ५१०,१९५.०० | ५८,६९५.०० |
| १४ | २०७७.०३.१४ | गुलाम मोहिदिनको ट्रान्सर फमर देखि पूर्व जाने बाटो स्तोरन्नति वडा नं ८ | शायमा निर्माण सेवा प्रा. लि. | ४९७,७६५.०० | ५७,२६५.०० |
| १३ | २०७७.०३.१४ | ईश्वर लाल राजवंशी दक्षिण पूर्व पासवान टोल हुदै आर.सि.सि कल्भट सम्मको बाटो निर्माण वडा नं ९ | शायमा निर्माण सेवा प्रा. लि. | ४९२,४६३.०४ | ५६,६५५.०८ |
| | | | जम्मा | २६५५६१६.६२ | ३४५२३०.१६ |

५१. **पेश्की अनुगमनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क) र नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले प्राप्त गरेको मोविलाईजेशन पेश्की जम्मा भएको बैंक खाता र पेश्की रकमबाट भएको खर्चको विवरण मासिक रुपमा सार्वजनिक निकायमा पेश गर्नुपर्ने, पेश्की प्राप्त गरेको ३० दिनमा निर्माण कार्य प्रारम्भ गर्नुपर्ने, पेश्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा बैंक जमानत जफत गर्ने, संझौता अवधिमा कार्यसम्पादन नगरेको कारण पेश्की फछ्र्यौट हुन नसकेमा १०% व्याज सहित पेश्की रकम असुल गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) तथा निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता बमोजिम कार्य प्रगतिका आधारमा दोस्रो किस्ता मोबिलाइजेशन पेश्की दिनु पर्दछ । यो वर्षको अन्त्यमा  निर्माण व्यवसायीको नाममा रु. १ करोड ९३ लाख ९७ हजार पेश्की बाँकी भएकोमा ऐन, नियमको व्यवस्था बमोजिम निर्माण व्यवसायीले विवरण पेश गर्ने नगरेका र आयोजनाले पेश्की रकमको अनुगमन गर्ने गरेको पाइएन । नियमको पालना गरी पेश्की रकमको अनुगमन गरी कारवाही गर्नुपर्दछ ।

५२. **नाफामूलक संस्थालाई अनुदान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन । तर पालिकाले  नव मिश्रीत कृषक उपभोक्ता समिति मार्फत भौचर नं ५० मिति २०७६।०६।१२ मा  रु. ४ लाखको मिल्क चिलिङ्ग खरिद गर्न नाफामूलक संस्थालाई अनुदान उपलब्ध गराएका छन् ।

५३. **उपभोक्ता समिति मार्फत कालोपत्रे कार्यः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपन अभिवृद्धि हुने भएमा वा

परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने भएमा उपभोक्ता समिति मार्फत गराउने उल्लेख छ । नगरपालिकाले पालिकाको निर्णयबाट हेभी मेशिन प्रयोग हुने जटिल प्रकृतिको काम प्रिमिक्स कालो पत्रे गर्ने निर्णय गरी विभिन्न उपभोक्ता समिति मार्फत निम्म सडकको कार्य गराएको पाइयो । कालोपत्रे कामको उपभोक्ता समितिलाई रु.६,७७३,०६७।०० भुक्तानी भएको छ । प्राविधिक जनशक्ति इन्जिनियर एक जना मात्र रहेको र कालोपत्रे कार्य आर्थिक वर्षको अन्त्यमा भएकोले निर्माण कार्यमा पर्याप्त ध्यान नपुगी गुणस्तरमा कमजोर हुने जोखिम रहेको छ । साथै, उपभोक्ता समितिमार्फत काम गराउँदा प्रतिस्पर्धा नभएको कारणबाट मितव्ययी पनि नहुने भएकोले सो सम्बन्धमा कार्यालयको ध्यान जानु पर्दछ ।

| बाटो | भुक्तानी रकम |
|---|---|
| पिपल चोक देखि आधारभुत विधालय हुदै वडा नं ६को सिमाना सम्म कालो पत्र | २,७५६,१६०।०० |
| झुंगीटोल देखि उत्तर केचना सम्म कालो पत्र | २,६९६,३६३।०० |
| कुमारलाल ठाकुरको घर देखि महवतलाल राजवंशीको घर हुदै पोखरी सम्म सडक कालो पत्रे | १,३२०,६४४।०० |
| मल्दैया सिक्टि सडक उपभोक्ता समिति सुनवर्षी नपा ८ पिच गरेवापत | १८९१५००।०० |
| जम्मा | ६,७७३,०६७।०० |

५४. मल्दैया सिक्टि सडक उपभोक्ता समिति सुनवर्षी नपा ८ पिच गर्दा केही आईटमको नर्म्स अनुसार आवश्यक पर्ने परिमाण र उपभोक्ताले खरिद गरेको परिमाण विश्लेषण गर्दा निम्नानुसार देखियो ।

| आईटम | परिमाण | नर्म्स अनुसार आवश्यक विटुमिन | नर्म्स अनुसार आवश्यक डिजल | नर्म्स अनुसार आवश्यक मट्टितेल |
|---|---|---|---|---|
| Prime coat | २४०३.५ वर्ग मी | २४०३.५ लि | ६६० लि | २४० लि |
| Track coat | १२०१.७५ वर्ग मी | १२०१.७५ लि | ३३० लि | १२० लि |
| Premix carpet | ८४.१२ घन मी | ६४७७.२४ लि | २९४.४२ लि | ६४७.७२ लि |
| Sand seal | २४०३.५ वर्ग मी | १५८६.३१ लि | १९२ लि | २४ लि |
| नर्म्स अनुशार आवश्यक परिमाण | | ११६६८.८ लि | १६३८.४२ लि | १३२३ लि |
| उपभ क्ता समितिले खरिद गरेको परिमाण | | ८८९९ लि | ५२०० लि | १६०० लि |
| फरक परिमाण | | २७६९.८ लि घटी | ३५६१.५८ लि | २७७ लि बढी |

विटुमिनको प्रयोग २७६९.८ लि २३.७४ प्रतिशतले कम प्रयोग गरिएको तथा आवश्यक नभएका निर्माण सामाग्री वढी परिमाणमा खरिद गरेको देखिदा सडक निर्धारीत मापदण्ड अनुसार नै निर्माण भएको भन्ने आधार देखिएन । अत नर्म्स भन्दा कम परिमाणमा निर्माण सामाग्री प्रयोग गर्दा वाटो गुणस्तरीय भएको भन्न मिल्ने विश्वासनिय आधार भएन । आगामी दिनमा गुणस्तरीय कार्यमा ध्यान दिनु पर्ने देखिन्छ । साथै नर्म्स भन्दा घटी परिमाण प्रयोग गरेको तर भुक्तानी भने नर्म्स अनुसार नै भएको देखिएकोले २७६९.८ लिटर विटुमिनको प्रति लिटर रु ७०.०६ ले हुने रकम रु १९४०५२ असुल गरी दाखिला गर्नु पर्ने रु १९४०५२/-

५५. पिपल चोक देखि सरस्वती आधारभूत विधालय हुँदै वडा नं ६ को सिमाना सम्म कालो पत्र सडक उपभोक्ता समिति सुनवर्षी नपा ६ पिच गर्दा केही आईटमको नर्म्स अनुसार आवश्यक पर्ने परिमाण र उपभोक्ताले खरिद गरेको परिमाण विश्लेषण गर्दा निम्नअनुसार देखियो ।

| आईटम | परिमाण | नर्म्स अनुशार आवश्यक विटुमिन | नर्म्स अनुशार आवश्यक डिजल | नर्म्स अनुशार आवश्यक मट्टितेल |
|---|---|---|---|---|
| Prime coat | ३८४० वर्ग मी | ३८४० लि | १०५६ लि | ३८४ लि |
| Track coat | १९२० वर्ग मी | १९२० लि | ५२८ लि | १९२ लि |
| Premix carpet | ११५.२० घन मी | ८८७०.४ लि | ४०३.२ लि | ८८७.०४ लि |
| Sand seal | ३८४० वर्ग मी | २५३४ लि | ३०७ लि | ३८ लि |
| नर्म्स अनुशार आवश्यक परिमाण | | १७१६४.८ लि | २२९४लि | १५०४ लि |

| | | | |
|---|---|---|---|
| उपभोक्ता समितिले खरिद गरेको परिमाण | १०९२० लि | ३१२० लि | ३१४० लि |
| फरक परिमाण | ६२४४.८ लि घटी | ८२६ लि | १६३६ लि बढी |

विटुमिनको प्रयोग ६२४४.८ लि ३६.३८ प्रतिशतले कम तथा आवश्यक नभएका निर्माण सामाग्री वढी परिमाणमा खरिद गरेको देखिदा सडक निर्धारीत मापदण्ड अनुसार नै निर्माण भएको भन्ने आधार देखिएन । अत नर्म्स भन्दा कम परिमाणमा निर्माण सामाग्री प्रयोग गर्दा वाटो गुणस्तरीय भएको भन्न मिल्ने विश्वासनिय आधार भएन । आगामी दिनमा कामको गुणस्तर कायम गराउन ध्यान दिनु पर्ने देखिन्छ । साथै नर्म्स भन्दा घटी परिमाण प्रयोग गरेको तर भुक्तानी भने नर्म्स अनुसार नै भएको देखिएकोले ६२४४.८ लिटर विटुमिनको प्रति लिटर रु ७७.९७ ले हुने रकम रु ४८६९०७ असुल गरि दाखिला गर्नुपर्ने रु ४८६९०७/-

**५६.** कुमारलाल ठाकुरको घर देखि महवतलाल राजवंशीको घर हुदै पोखरी सम्म सडक कालो पत्रे कार्यको भुक्तानी गर्दा विटुमिनको विल विजक संलग्न नहुँदा विश्लेषण गर्न सकिएन ।

**५७.** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आस्वस्त हुने अवस्था छैन । आवश्यक परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन ।

**५८.** **डिपिआर खर्च —** बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| जाउली डुब्बा बक्स कल्भर्ट निर्माण | सार्थक ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ८००००० | ७४५५०० | २०५८२१३७.९३ |
| नगरका विभिन्न रोडहरूको डीपिआर | जेबी ईन्जिनियरिङ्ग प्रा.लि. | १२५०००० | ११३०००० | ६५७८८५१५८.४९ |

**५९.** **बढी भुक्तानीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ मा खरिद संझौता अनुसार वास्तविक कार्यसम्पादनका आधारमा बिल बिजकको भुक्तानी गर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत गराएको निम्नानुसारको कार्यको भुक्तानी गर्दा समितिले पेश गरेको विजक भन्दा बढी भुक्तानी गरेको देखिएकोले सम्बन्धित समितिलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु............ ५४२७.४९

| भौचर नं | मिति | कार्यक्रम | भुक्तानी रकम | अन्तिम विल अनुसार | भिन्नता |
|---|---|---|---|---|---|
| १७ | २०७६/०५/१९ | नरबम देखि बराल टोल सम्म मर्मत उ.स | २९१,००० | २९०,०२८ | ९७२.०० |
| ३१ | २०७६/०५/२२ | जनता मा. वि प्लास्टर | ७३,८०६ | ७२,६२२ | ११८४.०० |
| २१ | २०७६/०५/१९ | डिल्लीमार्ग टिका राज बस्नेतको घर पश्चिम पिपल चोक जोडने होलीमा आर.सि.सि कल्भट | ३३९,६१२ | ३३६,३४०.५१ | ३,२७१.४९ |
| | | जम्मा | ७०४,४१८ | ६९८९९०.५१ | ५,४२७.४९ |

**६०.** **भेरियसनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद संम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती संम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई

प्राविधिक पुष्टाई सहित भेरियसन गर्नुपर्ने उल्लेख छ । आयोजनाको निम्नानुसारको कार्यको लागत अनुमान र सम्झौता भन्दा बढी परिमाणमा कार्य गरेको सम्वन्धमा प्राविधिक पुष्टयाई बेगर भुक्तानी गरेको कानुन सम्मत पाइएन । लागत अनुमान वास्तविकताको नजिक हुने गरि तयार गर्न ध्यान दिनुपर्दछ ।

| सि.न | योजना ठेक्काको नाम | कामको विवरण | ल.इ को परिमाण | भुक्तानी परिमाण | बढी परिमाण | दर | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १. | महिला नमुना सामुदायिक भवन निमार्ण वार्ड न. ०९ | २.३ | ८४.८७ | ९८.२५ | १३.३८ | ६०० | ८,०२८ |
| | महिला नमुना सामुदायिक भवन निमार्ण वार्ड न. ०९ | २.५ | ६८.३२ | ७५.८२ | ७.५ | १०५०० | ७८,७५० |
| | महिला नमुना सामुदायिक भवन निमार्ण वार्ड न. ०९ | २.७ | ५४५.१० | ५७६.१४ | ३१.०४ | ४०० | १२,४१६ |
| २ | डायनिया पथरी सडक सुरत चोक उत्तर कार्तिक चन्द राजवंशी टोलको हालीमा आर.सि.सि कल्भर्ट | २.९ | ११०८७.५५ | १२१०५.४५ | १०१७.९० | १०० | १०१,७९० |
| | | २.१० | २५.३० | १९२ | १६६.७ | २५० | ४१,६७५ |
| ३ | डायनिया भेडवा हुलाकी सडक उत्तर बुधनलाल राजवंशीको घर जाने बाटोमा आर.सि.सि कल्भर्ट निर्माण | २.४ | २७.१७ | ३२.९५ | ५.७८ | ११००० | ६९,८०४ |
| ४. | चप्रामारी बाबाजीथान मंगल सिहँ मा.वि देखि पश्चिम झोलुङ्गे पुल वार्ड नं १ | ४ | २५३.५ | ३८८.२८ | १३४.५३ | १८०० | २४२,१५४ |
| | **जम्मा** | | | | | | **५५४६१७** |

**६१.** **पेश्की कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(५) मा निर्माण व्यवसायीलाई दिएको पेश्की खरिद संझौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ बिलबाट कट्टा गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग भएको संझौतामा प्रत्येक रनिङ्ग बिलबाट ४० प्रतिशतका दरले पेश्की कट्टा गर्नुपर्ने उल्लेख छ । तर कार्यालयले रनिङ्ग बिलवाट निम्न अनुसारको ठेक्कामा सो भन्दा घटी पेश्की गरेको देखियो। सार्वजनिक खरिद नियमावली र सम्झौतामा भएको व्यवस्थाको पालनामा नगरपालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | ठेक्का नं | रनिङ बिल | रकम (मु.अ. कर बाहेक) | कट्टा गरेको पेश्की रकम |
|---|---|---|---|---|
| १ | SUNMUN/ ROAD/075/76-07 | पहिलो | ११,६२२,६७५.३८ | |
| | | दोस्रो | २,०३६,४०० | ४,९४५,३२० |
| २ | SUNMUN/ROAD/ 075/76-05 | पहिलो | २,१३८,३९८ | १,५००,००० |
| | | दोस्रो | १७,४२६,६१० | ३,०००,००० |
| | | तेस्रो | १६८७२९३.५ | |
| ३. | SUNMUN/ROAD/ 075/76-02 | पहिलो | ६६९४५३.७४ | ४७२५०० |
| | जम्मा | | ३५,५८०,८३०.६२ | ९,९१७,८२० |

**६२.** **निर्माण कार्यसँग सम्वन्धित खाताः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नु पर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यसँग सम्वन्धित कार्यको राख्नुपर्ने म.ले.प.फा.नं ५०५ आइटमवाइज कार्य अभिलेख खाता, म.ले.प.फा.नं ५१२ नापी नियन्त्रण खाता, ५०७ ठेक्का सम्वन्धि अभिलेख, कार्य अभिलेख खाता लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन । अधिकांश योजनाहरु क्रमागत रुपमा संचालित हुने एवं वार्षिक विनियोजनको आधारमा खण्ड खण्ड गरी कार्यान्वयन गर्नुपर्ने अवस्था रहने भएकोले यस प्रकारका खाता अद्यावधिक गरी राख्नु

| | | |
|---|---|---|
| | पर्दछ । यस प्रकारका अभिलेखको अभावमा क्रमागत योजनाको कुल खर्च एवं योजना कार्यान्वयनको स्थिति यकिन गर्न नसकिने भएकोले कार्यालयले निर्माण कार्यसँग सम्वन्धित म.ले.प.फारामहरु अनिवार्य राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । | |
| ६३. | **आयोजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । उपभोक्ता समितिबाट कार्य गराउन लागत अनुमान तयार गर्दा मर्मत संभार कोष वापत रकम व्यवस्था गरी बिल भुक्तानी गर्दा कट्टा गरी कोषमा रकम जम्मा नगरेकोले सम्पन्न आयोजनाको मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने हुदा मर्मत कोषको कट्टी नगरी योजना सम्पन्न गरेको कानुन सम्मत देखिएन । | |
| ६४. | **गत वर्षको भुक्तानी दिन बाँकीः** कार्यालयले गत बर्षको बाँकी भुक्तानी यस आवमा भुक्तानी दिन बाँकीको विवरण वजेट तथा कार्यक्रममा समावेश गरी कार्यपालिकाको मिति २०७६/५/५ को निर्णयबाट भुक्तानी गरेको छ। जुन शीर्षकबाट भुक्तानी हुन बाँकी भएको हो सोही शीर्षकबाट भुक्तानी नगरी गाउँपालिका पुँजीगत शीर्षकबाट रु १२९१४०००/- भुक्तानी गरेको छ। जुन शीर्षकवाट खर्च गर्नुपर्ने सोही शीर्षकवाट खर्च गर्ने व्यवस्था गरिनुपर्दछ। | |
| ६५. | **PS आइटमको भुक्तानीः** कार्यालयले विभिन्न निर्माण व्यवसायीहरुलाई निर्माण गरिएको रकम भुक्तानी गर्दा PS आइटममा उल्लेखित कार्य इन्जिनियरको निर्देशनमा कार्य गरी सो कार्य सँग सम्बन्धित बिल भर्पाइ समेत प्राप्त गरी वील वमोजिमको रकम मात्र भुक्तानी दिनुपर्नेमा निम्न अनुसारको बिल भर्पाइ बेगर तथा भ्याट समेत भुक्तानी दिएको छ। | |

| भौचर नं र मिति | ठक्का नं | आईटम नं | भुक्तानी | भ्याट | भ्याट वाहेक |
|---|---|---|---|---|---|
| १५१-२०७७.२.२ | Road-२०७५.७६-७ | A1 | ३००००० | ३९००० | २६१००० |
| | | A3 | ५००० | ६५० | ४३५० |
| | | A5 | ५०००० | ६५०० | ४३५०० |
| २८७-२०७७.३.३० | Road-२०७५.७६-७ | A3 | ५००० | ६५० | ४३५० |
| | | A4 | ५००० | ६५० | ४३५० |
| | | A5 | ५०००० | ६५०० | ४३५०० |
| १२३-२०७६.१२.५ | Road-२०७५.७६-२ | A1 | ९२५५६ | १२०३२ | ८०५२४ |
| | | A4 | १४००० | १८२० | १२१८० |
| १८९-२०७७.३.२ | Road-२०७५.७६-५ | A2 | १०००० | १३०० | ८७०० |
| | | A3 | ५००० | ६५० | ४३५० |
| | | A5 | १००००० | १३००० | ८७००० |
| २११-२०७७.३.१४ | Road-२०७५.७६-१२ | A1 | ३९५५८ | ५१४३ | ३४४१५ |
| | | A3 | १०००० | १३०० | ८७०० |
| | | A4 | ५००० | ६५० | ४३५० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४६-२०७७.१.२८ | Bilding-२०७६.७७-१ | A1 | ५८५०१.३८ | ७६०५ | ५०८९६ |
| | | A3 | ५००० | ६५० | ४३५० |
| | | जम्मा | ७५४६१५ | ९८१०० | ६५६५१५ |

क) PS Item को कामसँग सम्बन्धित बिल भर्पाइ विलभरपाई पेश हुनुपर्ने रु..... ६५६५१५/-

ख) रनिङ विलमा भ्याट थप हुदा वढी भ्याट भुक्तानी भएको रकम असुल हुनुपर्ने रु...... ९८१००/-

६६. **पेश्की जमानत तथा कार्य सम्पादन जमानतः** कार्य सम्पादन जमानतको म्याद सकिएको तथा निर्माण कार्य गर्न सम्झौता गरी हालसम्म काम सम्पन्न नभई पेश्की बाँकी देखिएको साथै लेखापरीक्षण अबधिमा पेश्की जमानतको म्याद समेत गुज्रिएको पाईएको हुँदा उक्त पेश्की जमानतहरुको म्याद थप गर्नुपर्ने अन्यथा बिना जमानत फछ्र्यौट गर्न बाँकी रहेको पेश्की रकम असुल गर्नुपर्दछ ।

| ठेक्का अभिलेख खाता नं | ठेक्का नं | निर्माण व्यवसायीको नाम र ठेगाना | जमानतको प्रकार | | | | पेस्की बाँकी |
|---|---|---|---|---|---|---|---|
| | | | कार्य सम्पादन जमानत | | पेस्कीजमानत (APG) | | |
| | | | रकम | म्याद सकिने मिति | पेस्कीजमानत (APG) | म्याद सकिने मिति | |
| १ | SUNMUN/BUILDING/076/77-01 | बाबुल एण्ड खान जे.भि. | 2117000 | 14-11-77 | 2000000 | 10-03-77 | 1000000 |
| ६ | SUNMUN/BUILDING/076/77-06 | बराल कन्स्ट्रक्शन | 644000 | 08-08-21 | | | 550000 |
| १५ | SUNMUN/ROAD/076/77-15 | कला बिल्डर्स, बिराटनगर-12 | 1354000 | 10-09-21 | 610000 | 20-08-20 | 610000 |
| १ | SUNMUN/ROAD/075/76-05 | Mahadev Khimti Shah JV | 15549000 | 12-09-20 | 15362000 | 17-11-20 | 3000000 |
| २ | SUNMUN/ROAD/075/76-07 | Rayamajhi Himalayan JV | 14715000 | 30-09-20 | 8300000 | 15-02-20 | 2154680 |
| ३ | SUNMUN/ROAD/075/76-02 | Gitanjali Joshila JV | 3040500 | 27-08-21 | 1890000 | 26-11-76 | 1417500 |
| | | | | जोखिममा परेको पेश्की | | | 8732180 |

क) ठेक्का नं Sunmun-Road 2075/76-7 हुलाकी मार्गको केजौरा कैमी अमरदह सडक कालोपत्रे प्याकेज २ को लागत अनुमान रु ११९१५९८४३.६० भएकोमा न्यूनतम कवोलवाला Rayamajhi Himilaya JV ले भ्याट र पोभिजनल सम वाहेक रु ८१८८२२७०.५० (३२.२७ प्रतिशत घटीमा) सम्झौता गरेको छ। सम्म दोस्रो रनिङ बिल सम्म रु३६१४४६०४/- भुक्तानी भएको छ । कार्यसम्पादन जमानतको अवधि 30 September 2020 सम्म रहेकोमा जमानत अवधि थप भएको छैन। साथै अग्रिम भुक्तानी जमानत समेत 15 February 2020 मा सकिएको छ यसले गर्दा निर्माण व्यवसायीलाई दिएको पेश्की रकम जोखिममा परेको छ भने काम समेत जोखिममा परेको छ।

ख) ठेक्का नं Sunmun-Road २०७५/७६-५ को लागत अनुमान रु ११३७०८५१९.२० भएकोमा न्यूनतम कवोलवाला महादेव खिम्ति जेभिले भ्याट र पोभिजनल सम वाहेक रु ७५०९३२१९.८८ (३३.९६ प्रतिशत घटीमा) सम्झौता गरेको छ। तेस्रो रनिङ बिल सम्म रु४५७६६४७०/७० भुक्तानी भएको छ । कार्यसम्पादन जमानतको अवधि १२ सेप्टेम्बर, २०२० सम्म रहेकोमा जमानत अवधि थप भएको छैन । साथै अग्रिम भुक्तानी जमानत समेत १७ Nov २०२० मा सकिएको छ यसले गर्दा निर्माण व्यवसायीलाई दिएको पेश्की रकम जोखिममा परेको छ भने काम समेत जोखिममा परेको छ।

६७. ठेक्का नं विद्युतीकरण /२०७६/७७-१ मा विभिन्न वडाहरुमा सिँचाइका लागि विद्युतीकरण कार्य अन्तर्गत पोल गाड्ने कार्य गर्दा सम्झौतामा काम उपकरण कामदार तेस्रो पक्ष तथा सम्पतिको बीमा गर्न रु२०००० रकम छुट्याएको भएता पनि बीमा गरेको पाईएन । यसरी बीमा नगरिँदा कार्यक्षेत्रमा आइपर्ने दुर्घटनाको दायित्व लिने विषयमा समस्या सिर्जना भई काम उपकरण कामदार तेस्रो पक्ष तथा सम्पति

जोखिममा पर्न सक्ने भएकोले बीमा गराएर मात्र कार्य गर्नुपर्दछ ।

६८. **मिक्सगिट्टी दुवानी भुक्तानीः** स्वीकृत जिल्ला दररेट अनुसार एक ट्रिपरद्धारा ७.५ घ.मि मिक्सगिट्टी ढुवानी कार्य गर्ने विश्लेषण गरेको छ । रमेश वि.क.को घर देखि लक्ष्मी श्रेष्ठको घर हुदै राजेन्द बस्नेतको दोकान सम्म सडक स्तोरन्नति उपभोक्ता समिति मार्फत गराएको निर्माण काममा मिक्सगिट्टी दुवानी स्वीकृत जिल्ला दररेट विश्लेषण अनुसार गरेको पाइएन । उपभोक्ता समितिले ढुवानी गरेको बिल स्वीकृत नर्म्स भन्दा बढी देखाएको हुँदा बढी भुक्तानी भएको रु. ३,३१,५००/- यकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| सि.नं | योजनाको नाम | परिमाण | नर्म्स अनुसार लाग्ने खर्च | भुक्तानी भएको | बढी भुक्ता |
|---|---|---|---|---|---|
| १. | रमेश वि.क.को घर देखि लक्ष्मी श्रेष्ठको घर हुदै राजेन्द बस्नेतको दोकान सम्म सडक स्तोरन्नति | १०६३२८ घ.मि | १२०७००० १४२ ट्रिप | १५३८५०० १८१ ट्रिप | ३३१,५० |

३३१५००/-

६९. **एजविल्ट नक्सा पेश नभएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन।

७०. **बीमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को ११२ अनुसार खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु. २० लाख रुपियाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, प्रयोग गरिने मेशिन औजार, लगायत कामदार तथा कर्मचारी समेतको वीमा गराउनु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाको कार्यालयले जतिसुकै मूल्य बराबरको ठेक्का पट्टा लगायतको निर्माण कार्य र तेश्रो पक्ष समेतको वीमा गराउने गरेको छैन तसर्थ निर्माण कार्यमा आईपर्ने सम्भावित जोखिमलाई न्यूनिकरण गरी समयमा कार्य सम्पन्न गर्नको लागि नियममा भएको व्यवस्था अनुसारको बीमा गराउने तर्फ ध्यान जान जरुरी देखिन्छ ।

**प्रदेश सरकार हस्तान्तरीत कार्यक्रम**

७१. **बिलभरपाई नभएकोः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६(३) मा खर्च गर्दा खर्चको बिलभरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले भौ.नं.२-२०७६/११/२१ वाट विद्यालय नर्सिङ कार्यक्रम सञ्चालनका लागि मंगलसिंह मावि लाई बिल भरपाई बेगर भुक्तानी गरेकोमा खर्चलाई पुष्टि गर्ने कागजात पेश हुनुपर्ने अन्यथा असुल गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

२९००००

७२. प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन दोस्रो संशोधन नियमावली, २०७६ (४) अनुसार उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने आयोजना मध्ये भवन र पुल भए उपभोक्ता समितिले कम्तीमा १० प्रतिशत र अन्य आयोजना भए कम्तीमा २० प्रतिशत रकम योगदान गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकामा संचालित कार्यक्रममध्ये निम्नानुसारको योजनामा उपभोक्ता समितिको तर्फबाट व्यहोर्नुपर्ने योगदान घटी मात्र लिई बढी खर्च गरेकोले उपभोक्ता समितिबाट व्यहोर्नुपर्ने रकम असुल गरी दाखिला हुनुपर्ने रु....

| उपभोक्ता समितिको नाम | कुल खर्च | उपभोक्ता समितिको अंश | उपभोक्ता समुहले वेहोर्नु पर्ने रकम | उपभोक्ता समुहले घटी वेहोरेको अंश |
|---|---|---|---|---|
| श्री मंगलसिंह मावि केचना गिर्दलिया कब्रस्तान केराबारी | ११४१३२१.५६ | १७१३२१.५६ | २२८२६४.३१ | ५६९४२.७५ |
| नारायण भण्डारीको घर हुँदै पिपल चोक मनोमोहन गांधी मार्ग सडक स्तरउन्नती वाड न १ | ७९८७७४.५२ | १२००६३.३५ | १५९७५४.९ | ३९६९१.५५ |

३६५२३६.९४

| | | | | |
|---|---|---|---|---|
| केचना खेलमैदान स्तरोन्नती वाड न १ उपभोक्ता समिति | १७१३०८७.७९ | २५८०८७.७९ | ३४२६१७.५६ | ८४५२९.७७ |
| श्री अनन्त भगवान मन्दिरलाई भौतिक निर्माण गरेबापत | ६९०७५४.२३ | १०८७५४.२२ | १३८१५०.८५ | २९३९६.६३ |
| गिर्दलिया जोगिधाप मर्चनिया सडक मर्मत उपभोक्ता समिति वार्ड नं १ | ८००७०७.६ | १२२०१२.७ | १६०१४१.५२ | ३८१२८.८२ |
| घुर्मपट्टि वाटो ग्राभेल मस्जिद जमीनी टोल टकुवा महर्षि गेट रमनपुर ऋषिदेव झुगिटोल सडक ग्राभेल उपभोक्ता समिति | १३५२५४०.२ | २०४०६०.२ | २७०५०८.०४ | ६६४४७.८४ |
| मुसहरु दयाला गुलेश्वरी शैलेश महाराज शिव राम जानकी विष्णु मन्दिर दिनाभद्री फलैचा निर्माण | ११४९७६४.३८ | १७९८५३.३ | २२९९५२.८८ | ५००९९.५८ |
| जम्मा | ७६४६९५०.२८ | ११६४१५३.१२ | १५२९३९०.०६ | ३६५२३६.९४ |

७३. **कोभिड १९/ प्रकोप व्यवस्थापन** कोषः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विषेश परिस्थितिमा ऐनको दफा ६६ बमोजिम एक तहमाथिको स्वीकृति लिएर सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण गुणस्तर परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समय अवधिका लागिमात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी आपूर्ति गर्दा परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने खरिद गर्दा विशेष परिस्थिति सम्बन्धी विवरण तत्काल खरिद नगर्दा सार्वजनिक सुरक्षा हित तथा समुदायिक स्वास्थ्यमा पर्ने संकट र खरिदका अन्य विधि अपनाउन नसकिने कारण आधार खुलाउनु पर्ने त्यस्तै सार्वजनिक निकायले रु. १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सो को जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्ने व्यवस्था छ। तर यस कार्यालयले कोभिड १९ नियन्त्रणको लागि आवश्यक पर्ने औषधिजन्य सामग्री तथा राहात सामाग्री लगायत खरिद गर्दा लागत अनुमान समेत तयार नगरी खुला दररेट माग गरी तथा सोझै निम्नानुसारको खरिद गरेको देखियो। साथै सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत जानकारी पठाएको देखिएन। यसरी कानुनको प्रावधान विपरीत गरेको खर्च नियमसम्मत देखिएन।

| भौ. नं. | मिति | विवरण | रकम रु |
|---|---|---|---|
| ७ | १२-२५-२०७६ | विपद तथा जोखिम नियन्त्रण कोभिड-१९ राहत आयोनुन खरिद। | १२९५०० |
| १० | १२-२७-२०७६ | राहत तथा पुनःस्थापना खर्च तेल खरिद बापत बागमती आयल ईण्डस्ट्रिजलाई भुक्तानी । | ८५६८०० |
| १७ | ०१-१६-२०७७ | N95 Mask, IR थर्मोमिटर, ग्लोप्स लगायत स्वास्थ्य सुरक्षा सामग्री खरिद | ७८,९९१.०० |
| १८ | ०१-१६-२०७७ | मा जतरी डिलक्स प्रालिलाई काठमाडौंबाट ७७ जना नगरवासी सुनसरी बाफत ४ वटा गाडीको ४० हजारको दरले | १६०००० |
| २२ | ०१-२८-२०७७ | तेल खरिद बापत बागमती आयल ईण्डस्ट्रिजलाई भुक्तानी । | १५७४९९ |
| २३ | ०१-२८-२०७७ | अमन विकास स्टोरवाट पानी बिस्कुट चिसो चाउचाउ लगायत विविध खर्च | १०६७४० |
